# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

प.सं.:२०८०/८१
च.नं.:

मितिः २०८१/०२/१६
ने.सं. ११४४ बछलागा ६,बुधबार

**करारमा कर्मचारी पदपूर्ति सम्बन्धि सूचना ।**

**प्रथम पटक प्रकाशित मिति :२०८१/०२/१६**

प्रस्तुत विषयमा किसान सुचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को ७ परिच्छेद को दफा १९ को उपदफा २ बमोजिम चालु आ.व. २०८०/०८१ को बार्षिक स्विकृत किसान सुचिकरण तथा कृषक दर्ता व्यवस्थापन कार्यक्रम यस गाउँपालिकाको (१,२,र ३) वडाहरुमा संचालन गर्नको लागि सहजकर्ता/ स्वयमसेवक सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएकोले तपशिल बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुवाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८१/०२/२३) गते भित्र आवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | सेवा/ समुह/पद | माग पद संख्या | दरखास्त रकम | सेवा अवधि बढीमा |
|---|---|---|---|---|---|
| १ | २०८०/०८१-०२ | किसान सुचीकरण | ६ | १०० | १ महिना |

**आवश्यक शैक्षिक योग्यता र अनुभव :**

१. न्युनतम शैक्षिक योग्यता माध्यमिक तह (कक्षा १२) वा सो सरह उत्तीर्ण ।

२. एन्ड्रोईड/स्मार्ट फोन/ ल्यापटप साथमा भएको वा चलाउन जान्ने, इन्टरनेट चलाउन जान्ने ।

३. पहिलो सहजकर्ताको रुपमा खटिएकालाई प्राथमिकता ।

४. दरखास्त बुझाउने अन्तिम मिति र स्थान : २०८१/०२/२३ गते कार्यलय समय सम्म दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यलय समय सम्म, ताप्ली गाउँपालिका कृषि विकास शाखा, रुपाटार, उदयपुर ।

५. उमेर कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

६ . परिक्षाको किसिम : प्रारम्भिक योग्यता सूची प्रकाशन, प्रयोगात्मक र अन्तर्वार्ता ।

७. परिक्षाको मिति, समय र परिक्षा केन्द्र आवेदन पछी प्रकाशन गरिनेछ ।

८. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :-

- आवेदन फारम
- आवेदन दस्तुर तिरेको रसिद
- नेपाली नागरिकता प्रतिलिपि
- विज्ञापन भएको पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता र चारित्रिक प्रमण-पत्रको प्रतिलिपि ।
- पासपोर्ट साईजको फोटो ३ प्रति
- कुनै तालिम तथा अनुभव लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपि

९. काम गर्नुपर्ने स्थान र अवधि- ताप्ली गाउँपालिका वडा नं. १,२ र ३, सम्झौता बमोजिम बढीमा १ महिना सम्म ।

१०. सेवा सुविधाः- किसान सुचिकरण कार्यक्रम कार्यविधि २०७७ बमोजिम ।

११. विस्तृत जानकारीको लागि कृषि विकास शाखा ९७४६५९९९३८ र ९८४९३०७५२९ मा सम्पर्क गर्न सकिनेछ ।

१२. यस बाहेक अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ ।

नोटः ( कृषि/पशु विज्ञानमा विषयमा प्रविणता प्रमाण-पत्र तथा (Isc.ag/vet) उतिर्ण वा कृषि/पशु विज्ञानमा जे.टि.ए. कोर्ष उत्तीर्ण गरि १२ कक्षा उत्तीर्ण गरेको परिक्षार्थीहरुलाई प्राथमिकतामा दिईनेछ ।

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

E-mail : ict.taplimun@gmail.com
Website: www.taplimun.gov.np